प्रति इकाई मूल्य रु.१०/- दरको ५,००,००,००० (पाँच करोड) इकाई मध्ये बीज पूँजी वापत १०,००,००० (दश लाख) इकाई योजना व्यवस्थापक एनआईबिएल एस क्यापिटल लिमिटेड तथा ६५,००,००० (पैंसट्ठी लाख) इकाई कोष प्रवर्द्धक नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको लागि गरी कुल निष्काशन गरिने इकाईको जम्मा १५ प्रतिशत अर्थात ७५,००,००० (पचहत्तर लाख) इकाई सुरक्षित राखि बाँकी न्यूनतम ४,२५,००,००० (चार करोड पच्चीस लाख) इकाई,सो मध्ये प्रथम चरणमा सर्वसाधारणहरुमा १,२५,००,००० (एक करोड पच्चीस लाख) इकाई स्वीकृत विवरण पुस्तिकाको शर्त अनुसार सार्वजनिक रुपमा बिक्रीका लागि खुल्ला गरिएको ।

दरखास्त दिन पाउने न्यूनतम इकाई संख्या : १००
दरखास्त दिन पाउने अधिकतम इकाई संख्या : २,५०,०००

नेपाल धितोपत्र बोर्डबाट योजना संचालन तथा विवरण पुस्तिका स्वीकृत मिति : २०७६/१/९ गते ।

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड कोष प्रवर्द्धक तथा
एनआईबिएल एस क्यापिटल लिमिटेड योजना व्यवस्थापक रहेको

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड

अन्तर्गत सञ्चालन हुने

एनआईबिएल सहभागिता फण्ड (NIBL Sahabhagita Fund)

आह्वान पत्र

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१०/- प्रति इकाईका दरले ।

निष्कासन खुल्ला मिति	:	२०७६/२/१९ गते
निष्कासन बन्द हुने मिति (छिटोमा)	:	२०७६/२/२२ गते (बैंकिङ्ग समय पश्चात्)
निष्कासन बन्द हुने मिति (ढिलोमा)	:	२०७६/३/१६ गते (बैंकिङ्ग समय पश्चात्)

यो विवरण पुस्तिका नभई केवल आह्वान पत्र मात्र हो ।

(सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम २४ अन्तर्गत प्रकाशित)

योजना सम्बन्धी संक्षिप्त जानकारी :

१.	योजनाको नाम	**एनआईबिएल सहभागिता फण्ड (NIBL SAHABHAGITA FUND)**
२.	योजनाको आकार	रु.५०,००,००,०००/-(पचास करोड) प्रारम्भिक आकार - रु.२०,००,००,०००/- (बीस करोड)
३.	योजनाको प्रकार	खुलामुखी (Open-Ended)
४.	निष्कासन गर्न लागिएको इकाई सङ्ख्या	१,२५,००,००० (एक करोड पच्चीस लाख)
५.	प्रति इकाई मूल्य	रु.१०/- (अक्षरेपी दश)
६.	कुल निष्काशन मध्ये न्यूनतम खरिद गर्न पाउने इकाई संख्या	१०० (एक सय) इकाई
७.	कुल निष्काशन मध्ये अधिकतम सकारिने इकाई संख्या	५,००,००,०००/- (पाँच करोड) प्रारम्भिक सार्वजनिक निष्काशनमा इकाईहरुको अधिक माग भएमा प्रारम्भिक आकारको २५ प्रतिशत थप गरि बाँडफाँट गरिने ।
८.	योजनाको अवधी	लागु नहुने ।
९.	योजना परिपक्व हुने मिति	लागु नहुने ।
१०.	योजना बिक्री खुल्ला हुने मिति	२०७६/२/१९
११.	योजना बिक्री बन्द हुने मिति (छिटोमा) योजना बिक्री बन्द हुने मिति (ढिलोमा)	२०७६/२/२२ (बैंकिङ्ग समय पश्चात) २०७६/३/१६ (बैंकिङ्ग समय पश्चात)
१२.	इकाई बिक्री केन्द्रहरु	आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु ।
१३.	खरीद गर्नुपर्ने न्यूनतम इकाई संख्या	१०० (एक सय) इकाई
१४.	खरीद गर्न सकिने अधिकतम इकाई संख्या	२,५०,००० इकाई सम्म
१५.	इकाई बिक्री तथा बाँडफाँट सम्बन्धी व्यवस्था	इकाई बिक्रीका लागि आवेदन लिने कार्य समाप्त भए पश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम इकाईको बाँडफाँट गरिनेछ ।
१६.	सूचिकरण तथा दोश्रो बजार कारोवार व्यवस्थाहरु	विनिमय बजारमा सूचिकरण तथा कारोवार नहुने । योजना ब्यबस्थापक र कोष प्रबर्द्धक आफै वा अन्य संस्थाहरुलाई वितरक तोकी इकाई खरीद बिक्रीको ब्यबस्था गरिनेछ ।
१७.	योजनाको मुनाफा वितरणको लक्ष्य	योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफाबाट मुनाफा वितरण कट्टा गरी बाँकी रहेको रकम संचित मुनाफा (Retained Earning) पुनः लगानीका लागि उपयोग गरिनेछ ।
१८.	इकाई खरीद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु	नेपाली नागरिक, गैर आवसीय नेपाली, प्रचलित कानून बमोजिम दर्ता भएका नेपाली संस्था (कम्पनी), बैंक, वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै संचयकोष, कल्याणकारी कोष, गुठी, अक्षयकोष आदिले स्वीकृत विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् ।
१९.	योजना व्यवस्थापकको नाम तथा ठेगाना, स्थापित ऐन, दर्ता मिति, नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मिति	एनआईबिएल एस क्यापिटल लिमिटेड, वडा नं. २, लाजिम्पाट, काठमाण्डौ । कम्पनी ऐन तथा धितोपत्र सम्बन्धी ऐन बमोजिम स्थापना भएको कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मितिः २०६७/११/२५ दर्ता नं. १२८४/०६७/०६८ नेपाल धितोपत्र बोर्डबाट योजना ब्यबस्थापकको अनुमति प्राप्त मितिः २०७०/५/७
२०.	योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना	सुन्दर एण्ड कम्पनी., चार्टर्ड एकाउण्टेन्ट्स, पुलचोक, ललितपुर (बाह्य लेखापरीक्षक) ।
२१.	कोष सुपरिवेक्षकको नाम तथा ठेगाना	१. श्री मधुकर शम्सेर ज.ब.रा., ४/१३९ जावलाखेल, ललितपुर २. श्री बिमल प्रसाद कोईराला, आनन्द भैरवमार्ग, ज्ञानेश्वर, काठमाण्डौ ३. श्री शम्भु राम सिम्खडा, वडा नं.३, बाँसबारी, काठमाण्डौ ४ श्री दुर्गेश मान सिंह, वडा नं.२६,९/५४८ यटखा टोल, काठमाण्डौ ५. श्री जितेन्द्र बहादुर राजभण्डारी, सतमार्ग १३, सानेपा, ललितपुर
२२.	रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत	क्रेडिट रेटिङ्ग नियमावली, २०६८ ले सामूहिक लगानी कोष अन्तर्गत संचालन हुने योजनाको रेटिङ्ग गर्नुपर्ने व्यवस्था नगरेको तथा प्रस्तावित योजना संचालन स्वीकृतीको क्रममा योजनाको रेटिङ्ग गर्न आवश्यक पर्ने कार्य सम्पादन (कारोवार तथा लगानी, आय ब्यय, सम्पत्ती तथा दायित्व इत्यादी) को अवस्था श्रृजना भैनसक्ने हुँदा योजनाको रेटिङ्ग गरिएको छैन ।
२३.	लगानीका क्षेत्रहरु	१. नेपाल धितोपत्र बोर्डमा दर्ता भएका वा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सुचीकृत भएका शेयर, डिवेन्चर तथा अन्य धितोपत्रहरु । २. बैंक तथा वित्तीय संस्थामा निक्षेप । ३. नेपाल धितोपत्र बोर्डबाट स्वीकृति लिई लगानी गरिने अन्य क्षेत्रहरु । उपरोक्त अनुसार उल्लेखित क्षेत्रहरुमा लगानी गर्दा नियमावलीको व्यवस्थालाई मध्येनजर गरी राम्रो प्रतिफल देखिएमा कुनै एक क्षेत्रको लगानीलाई अन्य क्षेत्रमा सामूहिक लगानी कोष नियमावली, २०६७ को सिमा ननाध्ने गरी सार्न सकिनेछ । तरलता प्रदान गर्ने उद्देश्यले व्यवस्था गरिएको वा लगानी भैनसकेको अवस्थामा रहेका रकमलाई लगानीकर्ताको हित तथा जोखिम अवस्थालाई मध्येनजर गरी बैंक वित्तीय संस्थामा सकेसम्म बढी ब्याज आउने गरी चल्ती खाताकै प्रकृति रहेका तर ब्याज समेत प्राप्त गर्न सकिने कल एकाउण्टमा राख्ने व्यवस्था गरिनेछ ।
२४.	योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना	योजना व्यवस्थापक कम्पनी आफैले डिपोजिटरीको कार्य समेत गर्नेछ ।
२५.	खुद सम्पत्ति मूल्य गणना तथा सो को प्रकाशन सम्बन्धी व्यवस्था	सामूहिक लगानी कोष निर्देशिका,२०६९ ले व्यवस्था गरे बमोजिम वा नियमनकारी निकायले निर्देश गरे बमोजिम खुद सम्पत्ति मूल्य गणना गरिनेछ, जसलाई प्रचलित कानून बमोजिम सार्वजनिक गरिनेछ

२. कोष प्रवर्द्धक सम्बन्धी जानकारी :

कोष प्रवर्द्धकको नाम : **नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड**

कोष प्रवर्द्धकको संक्षिप्त इतिहासः नेपाल इन्भेष्टमेण्ट बैंक लि., तत्कालिन कम्पनी ऐन तथा तत्कालिन बाणिज्य बैंक ऐन अन्तर्गत २०४२ साल माघ ६ गते उद्योग तथा बाणिज्य मन्त्रालय, बाणिज्य विभागमा दर्ता भएको हो । यस बैंकले तत्कालिन बाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत बाणिज्य बैंकको रुपमा बैंकिङ्ग कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट मिति २०४२ साल माघ २२ गते ईजाजत पत्र प्राप्त गरी आफ्नो सेवा संचालन गर्दै आइरहेको छ । नेपाल भित्र बैदेशिक प्रविधि तथा लगानी सम्भौतामा निजी क्षेत्रबाट बैंक स्थापना गरी देशका बिभिन्न ठाँउमा बैंकिङ्ग सेवा उपलब्ध गराउने अभिप्रायले यस बैंकको स्थापना भएको हो । सो मुताविक यसले आफ्नो कार्य क्षेत्रलाई विस्तार गर्दै स्वदेश तथा विदेशका बिभिन्न ठाँउमा बैंकिङ्ग सेवा पुर्‍याउँदै आएको छ । यस बैंकको संस्थापकहरु तथा संचालकहरु बैंकिङ्ग तथा वित्तीय क्षेत्र तथा ब्यवस्थापनमा लामो समय देखि आबद्ध रहेको ब्यक्तित्वहरु हुन् हुन्छ ।

३. कोष प्रवर्द्धकका प्रमुख उद्देश्यहरु :

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित ऐनको अधिनमा रही वित्तीय कारोबार (बैंकिङ्ग ब्यवसाय) गर्ने यस बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

अ) बैंकका निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै वित्तीय सेवाबाट बञ्चित रहेका समुदायलाई प्राथमिकता दिई स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग सेवा उपलब्ध गराउने,
आ) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य ब्यवसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशिल ब्यवसायको विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने,
इ) उपलब्ध शिप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादनमूलक, रोजगारीमूलक ब्यबसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यबस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने,
ई) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

४. कोष प्रवर्द्धकको विगत तीन वर्षको वित्तीय विवरण :

बैंकको विगत तीन वर्षको लेखापरीक्षण भएको समष्टिकृत वासलात, नाफा नोक्सान हिसाब तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (Earning pre share) र प्रति शेयर नेटवर्थसम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

१. समष्टिकृत वासलातः

(रु.)

सम्पत्ति	वास्तविक		
	आ.ब.०७४/०७५	आ.ब.०७३/०७४	आ.ब.०७२/०७३
नगद तथा नगद सरह	१२,७६०,०८०,३१६	१३,५३१,६७८,३२०	११,७२५,४२३,२९२
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिन पर्ने	७,३८९,७०५,६७०	६,३६०,९६८,५१०	५,६२२,४१२,०००
बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात	१०,२४६,४०४,०००	१२,६१३,४६८,०००	१५,६४९,००९,११५
व्युतपन्न वित्तीय उपकरण	३०,८५५,१०५	११७,३५१,३५२	१०१,४६४,५४१
अन्य ब्यापारिक सम्पत्ति	१२४,३९८,८७६	४९,९९५,५९७	६२,१२५,९१७
बैंक तथा वित्तीय संस्थाहरुलाई कर्जा	२,५०२,९२५,८५७	२,१५८,४५८,४९२	१,४९६,९५०,५६७
ग्राहकलाई ऋण तथा कर्जा	११८,३२२,५७०,०७९	१०३,४१८,०५०,५६३	८४,६०८,८०४,४९६
धितोपत्रमा लगानी	१७,३६९,१२९,३७४	१४,६५९,८०२,०४६	१५,७६७,७७८,६९४
यस आ.ब.को कर सम्पत्ति	३६३,८१३,३०४	१६५,६४९,३५२	९८,६१३,३३२
सहायक कम्पनीमा लगानी	-	-	-
सम्बद्ध कम्पनीमा लगानी	९०,४५५,९३२	६१,००७,६९३	३९,१९७,६७०
सम्पत्तिमा लगानी	१६,५५९,०९०	५४,४४२,७६८	३,९२५,६७७
सम्पत्ति तथा उपकरण	३,७६२,०३७,६१८	३,५६६,७०७,६६७	३,२०२,९५५,८२४
साख र अमुर्त सम्पत्ति	६२,८२३,४२४	६३,६८६,१०८	५०,८३९,४६५
स्थगन कर सम्पत्ति	-	-	-
अन्य सम्पत्ति	१,२७१,६९८,५५८	७१०,९१३,८१४	४१७,२०२,७२४
कुल सम्पत्ति	१७४,३१३,४५७,२०३	१५७,५३२,१८०,२८२	१३८,८४६,७०३,३१४

पूँजी तथा दायित्व	वास्तविक		
	आ.ब.०७४/०७५	आ.ब.०७३/०७४	आ.ब.०७२/०७३
बैंक तथा वित्तीय संस्थालाई दिनुपर्ने	३,७४२,४०८,३९८	६,९८९,६२९,४९३	९,५२३,७९३,३३४
नेपाल राष्ट्र बैंकलाई बक्यौता	५०५,८४८,४९०	-	-
व्युतपन्न वित्तीय उपकरण	-	-	-
ग्राहक निक्षेप	१३६,५८५,५७६,०००	११८,९२१,०४९,४७०	९९,३५३,३२८,१८८
सापटी	-	-	-
यस आ.ब.को कर दायित्व	-	-	-
व्यवस्था	३,३६३,७१५	२,०००	५,६००
स्थगन कर दायित्व	८५०,३१४,४८०	१,३२४,४७७,७२३	१,४०३,९४३,०७८
अन्य दायित्व	६,२९०,७४७,७५५	४,३४६,३२४,६३६	५,८६४,४७२,६८८
जारी गरिएको ऋण पत्र	१,२५०,०००,०००	१,५५०,०००,०००	१,५५०,०००,०००
सहायक दायित्व	-	-	-
जम्मा दायित्व	१४९,२२८,२५८,८३८	१३३,१३१,४८३,३२२	११७,६९५,५४२,८८८
इक्विटी	-	-	-
शेयर पूँजी	१०,६४५,५९९,०००	९,२४०,३७८,८६५	७,२५५,५०९,८००
शेयर प्रिमियम	१,७१८,४५४,०२०	१,७१८,४५४,०२०	३,१०४,५१०,८५०
सञ्चित मुनाफा	२,९३३,९५०,२४०	५,३११,६७१,७०२	३,५३६,९२१,१२६
कोषहरु	९,७७१,९४३,४६१	८,०९५,६८७,९०६	७,२४४,३८४,०५९
इक्विटी धारकलाई बाँडफाँट योग्य कुल इक्विटी	२५,०६९,९४६,७२१	२४,३६६,१९२,४९३	२१,१४१,३२५,८३५
गैर नियन्त्रित स्वार्थ	१५,२५१,६४४	३४,५०४,४६७	९,८३४,५९१
जम्मा इक्विटी तथा दायित्व	१७४,३१३,४५७,२०३	१५७,५३२,१८०,२८२	१३८,८४६,७०३,३१४
सम्भावित दायित्व र प्रतिवद्धता	-	-	-
प्रति शेयर खुद सम्पत्ति	२३५.५	२६३.६९	२९१.३८

२. समष्टिकृत नाफा-नोक्सान हिसाब

(रु.)

विवरण	वास्तविक		
	आ.ब.०७४/०७५	आ.ब.०७३/०७४	आ.ब.०७२/०७३
ब्याज आम्दानी	१३,६३३,४७१,२८४	९,५४६,६११,०११	६,९१५,८४२,७११
ब्याज खर्च	(७,७२३,९२३,८१६)	(४,४६४,५५१,९४६)	(२,८५५,६५०,१४६)
खुद ब्याज आम्दानी	५,९०९,५४७,४६८	५,०८२,०५९,०६५	४,०६०,१९२,५६५
शुल्क र कमिशन आम्दानी	१,५३२,६९६,४७६	१,४६४,४०४,५३०	१,११५,४३१,२२०
शुल्क र कमिशन खर्च	(२११,९४०,२०२)	(१८८,९८३,४७२)	(१५५,४१९,५१३)
खुद शुल्क र कमिशन आम्दानी	१,३२०,७५६,२७४	१,२७५,४२१,०५८	९६०,०११,७०७
खुद ब्याज, शुल्क र कमिशन आम्दानी	७,२३०,३०३,७४२	६,३५७,४८०,१२३	५,०२०,२०४,२७२
खुद ब्यापारबाट आम्दानी	६४१,४२३,०३८	६२३,१६७,१०५	५१५,६९३,७३९
अन्य सञ्चालन आम्दानी	२०८,३४१,४९४	१४४,५१५,५३९	७८,००४,१९६
जम्मा सञ्चालन आम्दानी	८,०८०,०६८,२७४	७,१२५,१६२,७६७	५,६१३,९०२,२०७
कर्जा क्षति प्रभार/विपर्यय तथा अन्य हानि	(६७५,२०७,६४१)	(३९२,९४५,९०३)	(७७,७७४,३६३)
खुद सञ्चालन आम्दानी	७,४०४,८६०,६३३	६,७३२,२१६,८६४	५,५३६,१२७,८४४
कर्मचारी खर्च	(१,५२३,४०६,१९९)	(१,१८०,२८४,६९६)	(९७१,३५३,३२८)
अन्य संचालन खर्च	(६८२,५६७,९१७)	(५७६,४२५,२०५)	(४७५,१८१,१५८)
ह्रासकट्टी तथा परिशोधन	(१९६,५३१,११४)	(१६८,२४५,९३५)	(१५४,४२१,४९६)
जम्मा संचालन खर्च	(२,४०२,५०५,२३०)	(१,९२४,९५५,८३६)	(१,६००,९५५,९८२)
संचालन आम्दानी	५,००२,३५५,४०१	४,८०७,२६१,०२९	३,९३५,१७१,८६२
गैर संचालन आम्दानी	७७,७२८,६२०	७५६,०६०,३५८	११,६१५,९४९
गैर संचालन खर्च	(६६,९७५,०५७)	(३,८६६,७३५)	-
संयुक्त उद्यम तथा सहयोगी कम्पनीमा मुनाफाको हिस्सा	५,०१३,१०८,९६४	५,५५९,४५४,६५२	३,९४६,७८७,८११
आयकर पूर्वको मुनाफा			
आयकर खर्च	-	-	-
यस बर्षको कर व्यवस्था	(१,४८२,२७५,७१०)	(१,४०४,०८१,९००)	(१,१७४,१४६,२४४)
स्थगन कर	१९३,७३१,२९७	(४८,७६५,८२०)	(१०८,७०९,२७३)
यस आ.ब. को आम्दानी	३,७२४,५६४,५५१	४,१०६,६०६,९३२	२,६६३,९३२,२९४
इक्विटी धारकलाई आम्दानी	३,७२८,८५२,९९०	४,११४,०९३,२६०	२,६६५,४०७,९४१
गैर नियन्त्रित स्वार्थ वापत आम्दानी	(४,२८८,४३९)	(७,४८६,३२८)	(१,४७५,६४७)
खुद मुनाफा	३,७२४,५६४,५५१	४,१०६,६०६,९३२	२,६६३,९३२,२९४
प्रति शेयर आम्दानी	-	-	-
आधारभुत प्रति शेयर आम्दानी	३६.३४	४८.७	४४
प्रति शेयर तनुकृत आम्दानी	३६.३४	४८.७	४४

विगत तीन वर्षको प्रति शेयर आम्दानी (Earning pre share) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरणः

(रु.)

विवरण	वास्तविक		
	आ.ब.०७४/०७५	आ.ब.०७३/०७४	आ.ब.०७२/०७३
चुक्ता पूँजी	१०,६४५,५९९,०००	९,२४०,३७८,८६५	७,२५५,५०९,८००
जगेडा तथा कोषहरु	१४,४२४,३४७,७२१	१५,१२५,८१३,६२८	१३,८८५,८१६,०३५
कुल	२५,०६९,९४६,७२१	२४,३६६,१९२,४९३	२१,१४१,३२५,८३५
घटाउनेः अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets)	-	-	-
कुल नेटवर्थ	२५,०६९,९४६,७२१	२४,३६६,१९२,४९३	२१,१४१,३२५,८३५
शेयर संख्या (हजारमा)	१०६,४५५,९९०	९२,४०३,७८९	७२,५५५,०९८
प्रति शेयर नेटवर्थ (रु.)	२३५.५०	२६३.६९	२९१.३८
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००
प्रति शेयर आम्दानी	३६.३४	४८.७	४४
नेटवर्थमा औसत प्रतिफल	१५.४३%	१८.४७%	१५.१०%

५. योजना व्यवस्थापक सम्बन्धी विवरण :

१. *योजना ब्यवस्थापकको नाम :* **एनआईबिएल एस क्यापिटल लिमिटेड ।**
२. *योजना ब्यवस्थापक स्थापित भएको ऐन/नियमसम्बन्धी विवरण :* योजना व्यवस्थापक कम्पनी श्री एनआईबिएल एस क्यापिटल लिमिटेड कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापन भई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम कामकारोबार गर्न सक्ने संस्था भएको ।
३. *योजना ब्यवस्थापकको रजिष्टर्ड ठेगाना :* का.म.न.पा., वडा नं. २, लाजिम्पाट, काठमाण्डौ ।
४. *योजना ब्यवस्थापकको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास :* एनआईबिएल एस क्यापिटल लिमिटेड, (तत्कालिन एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड) कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६७/११/२५ मा नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । कम्पनीले धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायीः मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न नेपाल धितोपत्र बोर्डबाट मिति २०६९/३/४ मा अनुमतिपत्र प्राप्त गरेको र कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०६९ श्रावण १६ देखि संचालन अनुमति प्राप्त गरेको हुनाले सोही मितिबाट मर्चेन्ट बैंकिंग सेवा प्रदान गर्दै आएको छ । कम्पनीले धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा विभिन्न संघ संस्थाहरुको धितोपत्रको सार्वजनिक निष्काशन र प्रत्याभूती सेवा कार्य गरेकोमा हाल कम्पनीले सोको अलावा आफूले प्रदान गर्ने सेवालाई विविधीकरण गर्दै शेयर रजिष्ट्रार सेवा, लगानी व्यवस्थापन तथा निक्षेप सदस्यको सेवा प्रदान गर्दै आइरहेको छ । साथै यस कम्पनीले मिति २०७०/५/७ मा नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्नको लागि समेत अनुमति प्राप्त गरी हाल एनआईबिएल समृद्धि फण्ड तथा एनआईबिएल प्रगति फण्ड नामक दुइवटा बन्दमुखि योजना सञ्चालन गरिरहेको छ ।

साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड र साविक एस क्यापिटल लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा मिति २०७४ साल कार्तिक २३ गते भएको सहमतीपत्र बमोजिम दुवै कम्पनीको मिति २०७४ मंसिर २९ गते सम्पन्न छुट्टाछुट्टै विशेष साधारण सभाको निर्णय बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७४ साल माघ ११ गते स्वीकृति प्राप्त भएको आधारमा मिति २०७४ साल माघ २८ गते देखि एनआईबिएल एस क्यापिटल लिमिटेडको नामबाट एकिकृत कारोवार सञ्चालन हुदै आएको छ । सो मर्जर पश्चात यस कम्पनीको चुक्ता पूँजी रु.२७ करोड पुगेको छ ।

६. योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु :

प्रबन्धपत्रमा उल्लेख भएबमोजिम योजना ब्यवस्थापकका प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. कम्पनीका शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्ने ।
२. लगानीकर्ताहरुलाई धितोपत्र व्यवसायीको रूपमा गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने ।
३. लगानीकर्ताहरुको पूँजी बजारतर्फको विश्वसनियता अभिबृद्धि गर्न आवश्यक कार्य सञ्चालन गर्ने ।
४. नयाँ तथा हाल कायम पूँजी बजारसँग सम्बन्धित सेवाको विकास/विस्तार गर्न नेपाल धितोपत्र बोर्डसंग आवश्यक समन्वय गर्ने तथा आवश्यकता अनुसार स्वीकृति प्राप्त गरी उच्चस्तरीय सेवा प्रदान गर्ने ।
५. उपलब्ध शीप, श्रम तथा पूँजी लाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा पूँजी बजारसँग सम्बद्ध सुविधाहरु उपलब्ध गराउन आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तथा प्रविधि उपलब्ध गराई देशमा पूँजी बजारको समग्र विकासका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने ।

योजना ब्यबस्थापक कम्पनीको प्रबन्धपत्र तथा नियमावली संस्थाको रजिष्टर्ड ठेगाना वडा नं.२, लाजिम्पाट, काठमाण्डौमा कार्यालय समयभित्र सम्पर्क गरी प्राप्त गर्न वा हेर्न सकिनेछ ।

७. योजना व्यवस्थापकको भावी योजना तथा रणनीति :

(क) **व्यवसाय/सेवाको बृद्धिका लागि योजना व्यवस्थापकको भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयबद्ध रणनीति :**
एनआईबिएल एस क्यापिटल लिमिटेडले यस अघि एनआईबिएल म्युचुअल फण्ड अन्तर्गतको एनआईबिएल समृद्धि फण्ड-१ (बन्दमुखी योजना) र एनआईबिएल प्रगति फण्ड (बन्दमुखी योजना) संचालन गरिरहेको छ, जसको इकाईहरु नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण भई कारोवार समेत भईरहेको छ । कम्पनीले बजारको अवस्था हेरी यी योजनाका अतिरिक्त अन्य विभिन्न बन्दमुखी तथा खुलामुखी योजनाहरु समेत संचालनमा ल्याउनका लागि आवश्यक गृहकार्य गरि रहेकोछ ।

(ख) **प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितीको आधारमा योजना व्यवस्थापकको व्यवसायको भविष्य :**
नेपालमा सामूहिक लगानी कोष संचालन सम्बन्धी व्यवसायले गति लिन थालेको तथा धितोपत्र बजारको बिस्तार हुँदै गएको वर्तमान अवस्थामा कोष व्यवस्थापन व्यवसायको राम्रो भविष्य रहेकोछ । बजारमा संस्थागत लगानीकर्ताको सहभागिता न्युन रहेको वर्तमान अवस्थामा यसले धितोपत्रको बजार मूल्यमा आउन सक्ने अस्वभाविक उतार चढावलाई सन्तुलनमा ल्याउने तथा जनसाधारणहरुको लगानीलाई उचित तवरले व्यवस्थापन गरी नीजहरुलाई उचित प्रतिफल प्रदान गर्ने र सो बाट धितोपत्र बजारमा सर्वसाधारणहरुको सहभागितामा अभिबृद्धि गरी समग्र धितोपत्र बजारको विकासमा सघाउ पुऱ्याउनेछ । साथै यस प्रकारको व्यवसायमा एनआईबिएल एस क्यापिटल लिमिटेड एक व्यवसायिक तथा प्रतिस्पर्धि संस्थाको रुपले अगाडि बढ्दै गईहकोछ ।

८. योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

योजना ब्यबस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी ब्यबस्था देहाय बमोजिम रहेकोछ :

क्र.सं.	विवरण	सङ्ख्या
१.	संस्थापक समूहको शेयरधनीहरुको प्रतिनिधित्व गर्ने सञ्चालकहरु	६ जना
२.	स्वतन्त्र व्यवसायिक बिशेषज्ञ सञ्चालकहरु	३ जना
	जम्मा	९ जना

९. योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी) सम्बन्धी जानकारी :

(क) **अधिकृत पूँजी :** ५०,००,००० कित्ता साधारण शेयरको प्रति शेयर रु.१००/- का दरले रु.५०,००,००,०००/- (अक्षरेपी पचास करोड रुपैया मात्र) रहेकोछ ।
(ख) **जारी पूँजीः** २७,००,००० कित्ता साधारण शेयरको प्रति शेयर रु.१००/- का दरले रु.२७,००,००,०००/-(अक्षरेपी सत्ताईस करोड रुपैंया मात्र) रहेकोछ ।
(ग) **चुक्ता पूँजी :** २७,००,००० कित्ता साधारण शेयरको प्रति शेयर रु.१००/- का दरले रु.२७,००,००,०००/- (अक्षरेपी सत्ताईस करोड रुपैंया मात्र) रहेकोछ ।

१०. योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालक सम्बन्धी जानकारी :

क) संस्थापक शेयरधनीहरुको नाम, ठेगाना, राष्ट्रियता, शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा):

क्र.सं.	नाम	ठेगाना	राष्ट्रियता	शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा)	शैक्षिक योग्यता	अनुभव
१.	श्री नेपाल इन्भेष्टमण्ट बैंक लि.	दरवारमार्ग, काठमाण्डौं	लागु नहुने	१००%	लागु नहुने	लागु नहुने

ख) सञ्चालकहरुको नाम, पद, उमेर, ठेगाना, राष्ट्रियता, शैक्षिक योग्यता र अनुभव :

क्र.सं.	नाम र ठेगाना	पद	उमेर (बर्ष)	राष्ट्रियता	शैक्षिक योग्यता	अनुभव
१.	श्री सचिन टिवडेवाल वडा नं. ७ सिफल, काठमाण्डौ (नेपाल इन्भेष्टमेण्ट बैंक लि.को तर्फबाट)	अध्यक्ष	३९	नेपाली	चार्टर्ड एकाउण्टेन्ट	- नेपाल इन्भेष्टमेन्ट बैंकमा ६ बर्षदेखि लेखा तथा वित्तीय बिभाग प्रमुखको रुपमा कार्यरत । - नेपाल इन्भेष्टमेन्ट बैंकको बिभिन्न तहमा ७ बर्षको कार्य अनुभव । - सहायक प्रबन्धक, डिलोईट् हास्किन्स् एण्ड सेल्स, ३ बर्षको कार्य अनुभव । - एस.के.मेहता एण्ड कम्पनीमा ३ बर्षको कार्य अनुभव ।
२.	श्री दिपक कुमार श्रेष्ठ वडा नं.२०, नः टोल, ललितपुर	संचालक	५२	नेपाली	स्नातकोत्तर, कानुन	- नेपाल इन्भेष्टमेन्ट बैंकको बिभिन्न तह तथा शाखामा १८ बर्षको कार्य अनुभव । - स्ट्याण्डर्ड चार्टर्ड बैंकमा कम्पनी सचिव तथा आन्तरिक अधिवक्ताको कार्य अनुभव । - अधिवक्ता को रुपमा ९ बर्षको कार्य अनुभव । - सदस्य सार्क ल नेपाल । - सदस्य नेपाल बार एसोसिएसन । - सदस्य नेपाल कानून समाज ।
३.	श्री बन्दना थापा वडा नं.२, गैह्रिधारा, काठमाण्डौ	संचालक	५६	नेपाली	स्नातक, अर्थशास्त्र तथा अंग्रेजी	- बैंक तथा वित्तीय संस्थामा विगत २५ बर्ष भन्दा बढीको कार्य अनुभव ।
४.	श्री रबिन्द्र भट्टराई वडा नं. ३, ढोरफिर्दी, तनहुं	स्वतन्त्र संचालक	४७	नेपाली	एम.वि.ए.	- लेक्चरर, शंकर देव क्याम्पस, पुतलीसडकमा १७ बर्षको कार्य अनुभव । - प्रोगाम कोअर्डिनेटर, स्नातक तह, कानभास इन्टरनेशनल कलेज, बसुन्धारामा कार्यानुभव । - संचालक, सगरमाथा मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.मा ६ बर्षको कार्य अनुभव ।

नोटः हाल संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना र स्वतन्त्र संचालक २ (दुई) जना नियुक्त हुन बाँकी रहेको छ ।

११. योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरुको नाम, पद, उमेर, शैक्षिक योग्यता, व्यवसायिक अनुभव सम्बन्धी विवरण :

क्र.सं.	नाम	पद	उमेर	शैक्षिक योग्यता	अनुभव
१.	श्री शिवान्त बहादुर पाँडे	प्रमुख कार्यकारी अधिकृत	३७ बर्ष	एम.ए.	- विभागिय प्रमुख, रिसर्च एण्ड डेभलपमेन्ट, नेपाल इन्भेष्टमेण्ट बैंक लि., ५ बर्षको कार्य अनुभव । - प्रबन्धक (लगानी), सोफिया इन्भेष्टमेण्ट प्रा.लि.,१ बर्षको कार्य अनुभव । - डिलोईट् टूर्स टोमात्सू, इमर्जिङ्ग, १ बर्षको कार्य अनुभव । - एनआईबिएल एस क्यापिटल लिमिटेडमा प्रमुख कार्यकारी अधिकृत पदमा रही ६ वर्ष बढीको कार्य अनुभव ।
२.	श्री मेख बहादुर थापा ठाडा	महाप्रबन्धक	३८ बर्ष	चार्टर्ड एकाउण्टेन्ट	- नेपाल धितोपत्र बोर्डमा उपनिर्देशक तथा विभागिय प्रमुख तहमा करिब ४ वर्षको कार्य अनुभव तथा स्नातक तहमा लेखा तथा वित्त विषयको अध्यापन । - सिद्धार्थ क्यापिटल लिमिटेडमा प्रमुख संचालन अधिकृत तथा कम्पनी सचिव पदमा करिव ३ वर्ष बढीको कार्य अनुभव । - एनआईबिएल एस क्यापिटल लिमिटेडमा महाप्रबन्धक पदमा रही ४ वर्ष बढीको कार्य अनुभव ।
३.	श्री कबिन्द्रध्वज जोशी	नायव महाप्रबन्धक	४३ बर्ष	एम.बिए., ईएम.बिए.	- एनआईडिसी क्यापिटल लि.मा सहायक स्तर देखि सहायक प्रबन्धक पदमा रही करिब ८ बर्षको कार्य अनुभव । - एस डेभलपमेण्ट बैंक लि.मा नायव प्रबन्धकको पदमा रही करिब २ बर्ष भन्दा बढीको कार्य अनुभव । - ग्रोमोर मर्चेन्ट बैंकर लिमिटेड (हाल प्रभु क्यापिटल लि.) मा महाप्रबन्धकको रुपमा करिब ६ बर्षको कार्य अनुभव । - मर्चेन्ट बैंकिङ्ग सम्बन्धी ब्यवसायमा करिब २० बर्षको कार्य अनुभव । - एनआईबिएल एस क्यापिटल लिमिटेडमा नायव महाप्रबन्धक पदमा रही ३ वर्ष बढीको कार्य अनुभव ।
४.	श्री बद्रि प्रसाद प्याकुरेल	सहायक महाप्रबन्धक	४८ बर्ष	एम.ए.	- सिभिल क्यापिटल मार्केटस् लि.मा प्रबन्धकको रुपमा करिब ५ बर्षको कार्य अनुभव । - नेपाल फाइनान्स लि.मा मर्चेन्ट बैंकिङ्ग विभाग प्रमुखको रुपमा २ बर्षको कार्य अनुभव । - सहायक अधिकृत राष्ट्रिय स्तरको विकास बैंकमा ८ बर्षको कार्य अनुभव । - कार्यक्रम अधिकृत स्थानिय विकास मन्त्रालय, १ बर्षको कार्य अनुभव । - नायव सुब्बा (भुकम्प पिडित क्षेत्रका) बिद्यालय पुर्नस्थापना आयोजना, ६ बर्षको कार्य अनुभव । - नायब सुब्बा, आवास तथा भौतिक योजना मन्त्रालय, ६ महिनाको कार्य अनुभव । - एनआईबिएल एस क्यापिटल लिमिटेडमा बिभिन्न ब्यवस्थापकीय पदमा रही ३ वर्ष बढीको कार्य अनुभव र सहाएक महाप्रबन्धक पदमा रही २ बर्ष बढीको कार्य अनुभव ।

१२. योजना व्यवस्थापकको वित्तीय विवरण :

योजना व्यवस्थापकको सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको भए विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको भए सञ्चालन अवधिभरको लेखापरीक्षण भएको (लेखापरीक्षण नभएको भए व्यवस्थापनबाट प्रमाणित) वासलात, नाफा नोक्सान हिसाब विवरण :

वासलात

(रु.)

पूँजी तथा दायित्व	वास्तविक		
	आ.ब.०७४/०७५	आ.ब.०७३/०७४	आ.ब.०७२/०७३
शेयर पूँजी :			
चुक्ता पूँजी	२७०,०००,०००	१०१,५००,०००	१०१,५००,०००
सञ्चित मुनाफा	७९,४२३,१२३	१५७,२१६,१६३	७४,००२,३५६
कुल शेयर पूँजी	३४९,४२३,१२३	२५८,७१६,१६३	१७५,५०२,३५६
गैर चालु दायित्व			
कर दायित्व	-	२,९०८,२२६	२,१२१,१५६
कर्मचारी सुविधा	३,०८०,६६८	१,४३२,४७०	६८१,७४५
कुल गैर चालु दायित्व	३,०८०,६६८	४,३४०,६९६	२,८०२,९०१
चालु दायित्व			
ब्यापार तथा अन्य भुक्तानीहरु	२,२००,३३६,८१०	१,४५६,४५८,७९४	४,२४६,००७,३६२
अन्य चालु दायित्व	१४,८१४,३०८	१८,६०३,००२	२०,७३१,९८३
सम्भावित नोक्सानी ब्यवस्था	३,३६३,७१५	-	-
कुल चालु दायित्व	२,२१८,५१४,८३३	१,४७५,०६१,७९६	४,२६६,७३९,३४५
कुल पूँजी तथा दायित्व	२,५७१,०१८,६२४	१,७३८,११८,६५५	४,४४५,०४४,६०२

सम्पत्ति	वास्तविक		
	आ.ब.०७४/०७५	आ.ब.०७३/०७४	आ.ब.०७२/०७३
गैर चालु सम्पत्ति			
जायजेथा, प्लान्ट र उपकरण	२९,९४०,५२६	२८,६२९,९१९	२१,९९६,०२२
अदृश्य सम्पत्ति	१,३५९,१६०	९३३,८५१	१,२९४,६१६
लगानी	२५०,०००	-	-
कर्मचारी ऋण	८,२८९,७९१	६,६८५,४४०	३५४,५०१
कुल गैर चालु सम्पत्ति	३९,८३९,४७७	३६,२४९,२१०	२३,६४५,१३९
चालु सम्पत्ति			
लगानी	३२८,८९८,८७६	१०३,२५२,१८७	६८,६९३,४६२
ब्यापारिक पाप्ति, अग्रिम भुक्तानी र निक्षेप	३९,३५४,२३६	३५,०७८,७६०	५७,५८०,३३९
चालु कर सम्पत्ति	१६,९६०,९२२	१५,६८२,१७६	१३,२९८,०४२
स्थगन् कर सम्पत्ति	३,५७९,६१८		
नगद र नगद सरह	२,१४२,३८५,४९६	१,५४७,८५६,३२३	४,२८१,८२७,६२१
कुल चालु सम्पत्ति	२,५३१,१७९,१४८	१,७०१,८६९,४४५	४,४२१,३९९,४६३
कुल सम्पत्ति	२,५७१,०१८,६२४	१,७३८,११८,६५५	४,४४५,०४४,६०२

नाफा-नोक्सान हिसाब

(रु.)

विवरण	वास्तविक		
	आ.ब.०७४/०७५	आ.ब.०७३/०७४	आ.ब.०७२/०७३
आम्दानी			
सञ्चालन आम्दानी	१००,१०८,६६५	१२१,१५८,८४३	१२३,३४९,६३३
अन्य आम्दानी	६३,८२७,५४८	१०७,४९३,९४८	११,४३५,६१३
वित्तिय सम्पत्ति तथा दायित्वको नाफा/नोक्सानमा भएको खुद परिवर्तन (नाफा/नोक्सानको उचित मूल्य मार्फत)	(१६,३५३,१६७)	३,६७१,३३०	-
जम्मा आम्दानी	१४७,५८३,०४६	२३२,३२४,१२१	१३४,७८५,२४६
खर्च			
सञ्चालन खर्च	११,२९०,८३०	२३,२७१,७३०	३७,१०५,२३४
साधारण तथा ब्यवस्थापन खर्च	६५,७३०,७०८	५०,५६४,८६१	२०,६८०,७०२
ह्रासकट्टी तथा ऋणमुक्ति	८,००१,३७१	६,४३१,२४३	-
कर्मचारी बोनस खर्च	६,२५६,०१४	१३,५०३,२९२	६,९९९,९३७
जम्मा खर्च	९१,२७८,९२४	९३,७७१,१२५	६४,७८५,८७३
कर अघिको मुनाफा	५६,३०४,१२३	१३८,५५२,९९५	६९,९९९,३७३
कर दायित्व	११,६३४,१३८	३५,०३९,१८९	१७,५९९,४७६
खुद मुनाफा	४४,६६९,९८५	१०३,५१३,८०६	५२,३९९,८९७
अन्य ब्यापक आम्दानी	-	-	-
खुद नाफा/नोक्सान	४४,६६९,९८५	१०३,५१३,८०६	५२,३९९,८९७
शेयर संख्या (हजारमा)	२७००००००	१०५००००	१०५००००
प्रति शेयर आम्दानी (रु.)	१६.५४	१०१.९८	५१.६३

१३. कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी :

क्र.सं.	नाम	व्यवसायिक अनुभव	मुख्य पेशा व्यवसाय	हाल कायम रहेको जिम्मेवारी
१.	श्री मधुकर शम्शेर ज.ब.रा.	४७ बर्ष भन्दा बढी अर्थ विज्ञको रुपमा कार्यरत ।	शिक्षण	प्राध्यापक, साउथ एशिएनइन्स्टिच्युट अफ म्यानेजमेन्ट ।
२.	श्री बिमल प्रसाद कोईराला	नेपाल सरकारको मुख्य सचिव सहित २७ बर्ष सरकारी सेवा र ८ बर्ष अन्तराष्ट्रिय वित्तिय एवं विकास संस्थाको अनुभव ।	परामर्शदाता	स्वतन्त्र आर्थिक परामर्शदाता ।
३.	श्री शम्भु राम सिम्खडा	राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरुमा ३० बर्षभन्दा बढीको कार्य अनुभव ।	राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक परामर्श सम्बन्धी विज्ञ	संस्थापक चिरनमिलन वर्ल्डपिस क्याम्पस काठमाण्डौ ।
४.	श्री दुर्गेश मान सिंह	अर्थशास्त्री, योजना आयोग, र विभिन्न देशहरुको नेपाल सरकारको राजदुतको रुपमा कार्यरत ।	आर्थिक तथा राजनैतिक क्षेत्रमा विज्ञ	अध्यक्ष, गुञ्जमान सिहं हस्पिटल, पिढुवा, चितवन ।
५.	श्री जितेन्द्र बहादुर राजभण्डारी	३८ बर्ष भन्दा बढीको व्यवसायिक अनुभव ।	चार्टर्ड एकाउन्टेन्सी	प्रमुख पार्टनर जे.वि.राजभण्डारी एण्ड डिविन्स्, चार्टर्ड एकाउन्टेन्टस ।

१४. योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका :

यस योजना संचालन गर्न नेपाल धितोपत्र बोर्डको स्वीकृतिका लागि विवरण पुस्तिका पेश गर्नु अघि विवरण पुस्तिकाको सत्यता सम्बन्धमा जाँच गरी योजना स्वीकृत गर्ने, योजना स्वीकृत गर्नु अघि योजना संचालनका लागि पर्याप्त व्यवस्था रहे नरहेको सम्बन्धमा यकिन गर्ने, योजना निष्काशन पश्चात् विवरण पुस्तिका तथा धितोपत्र सम्बन्धी प्रचलित ऐन नियम तथा सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष सम्बन्धी निर्देशिकाले गरेका व्यवस्था बमोजिम योजना संचालन गरे नगरेको हेरि सोही अनुरुप कोष प्रवर्द्धक तथा नेपाल धितोपत्र बोर्डलाई सो बारे जानकारी गराउने लगायतका जिम्मेवारीहरु कोष सुपरिवेक्षकको रहनेछ ।

योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्यको अनुगमन गर्ने कार्य कोष सुपरीवेक्षकको हुनेछ । योजना व्यवस्थापकबाट समय समयमा प्राप्त कार्य सम्पादन प्रतिवेदन तथा कानून पालना प्रतिवेदनको आधारमा कोष सुपरीवेक्षकबाट योजना व्यवस्थापक कम्पनीको मूल्याङ्कन हुन्छ । कोष सुपरिवेक्षकले चौमासिक रुपमा वा नियमावलीले व्यवस्था गरे बमोजिमको समयावधि भित्र योजना व्यवस्थापकबाट प्रतिवेदन प्राप्त गरी सो उपर सुपरीवेक्षकहरुको बैठकमा छलफल तथा निर्णय भई सोही बमोजिम आवश्यक कार्य अगाडी बढाउने गर्दछन् । कोष सुपरिवेक्षकले लेखापरीक्षणका माध्यमले समेत योजना व्यवस्थापकलाई नियन्त्रण गर्न सक्दछन् ।

१५. योजनाको उद्देश्य :

योजनाले इकाई बिक्रीबाट संकलित रकम धितोपत्र बजारमा लगानी गरी दक्ष लगानी सेवाद्धारा योजनाका लगानीकर्तालाई उचित प्रतिफल दिने साथै खुलामुखी सामुहिक लगानी योजनाको बारेमा लगानीकर्ताहरुमा जनचेतना अभिबृद्धि गराई उनीहरुको बचत रकम इकाई बिक्रीको माध्यमबाट पूँजी बजारमा परिचालन गरी दोश्रो बजारको दिगो विकासमा सघाउ पुऱ्याउने उद्देश्यले यस योजनाका इकाईहरु निष्काशन गरिएको हो ।

१६. योजनाले लगानी गर्ने क्षेत्र :

१. सरकारी तथा संस्थागत ऋणपत्र ।
२. श्री नेपाल धितोपत्र बोर्डमा दर्ता भएका वा विनिमय बजारमा सुचीकृत भएका धितोपत्रहरु (सार्वजनिक निष्काशन समेत) ।
३. बैंक तथा वित्तीय संस्थामा निक्षेप ।
४. नेपाल धितोपत्र बोर्डबाट स्वीकृति लिई लगानी गरिने अन्य क्षेत्रहरु - स्वीकृती प्राप्त भए अनुरुप ।

माथि उल्लेखित क्षेत्रमा लगानी गर्दा नियमावलीको व्यवस्थालाई मध्ये नजर गरी राम्रो प्रतिफल देखिएमा कुनै एक क्षेत्रको लगानीलाई अन्य क्षेत्रमा सार्न सकिनेछ । तरलता प्रदान गर्ने उद्देश्यले व्यवस्था गरिएको वा लगानी भैनसकेको अवस्थामा रहेका रकमलाई लगानीकर्ताको हित तथा जोखिम अवस्थालाई मध्येनजर गरी कम्तिमा राष्ट्रियस्तरका बैंक वित्तीय संस्थामा सकेसम्म बढी ब्याज आउने गरी चल्ति खाताकै प्रकृति रहेका तर ब्याज समेत प्राप्त गर्न सकिने कल एकाउण्टमा राख्ने व्यवस्था गरिनेछ ।

१७. खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्थाः

१ ***खुद सम्पत्ति मूल्य गणना गर्ने विधिः***
योजनाको कुल लगानीको मूल्यमा योजनाको खर्च कटाई खुद सम्पत्ति मूल्य गणना गरिनेछ । यसरी गणना गर्नका लागि देहायअनुसाको समिकरण प्रयोग गरिनेछ ।

$$\textbf{प्रति इकाई खुद सम्पत्ति मूल्य} = \frac{\text{मूल्याङ्कन मितिमा लगानीको मूल्य + प्राप्त हुन बाँकी प्रतिफल वा आय तथा अन्य रकमहरु – तिर्न बाँकी दायित्व तथा अन्य रकमहरु}}{\text{मूल्याङ्कन मितिमा योजना अन्तर्गतको कुल इकाई सङ्ख्या}}$$

२ ***खुद सम्पत्ति मूल्य प्रकाशनसम्बन्धी व्यवस्थाः***
योजनाका इकाईहरु बिक्री बन्द भएको ३० दिन भित्र योजना व्यवस्थापकले प्रथम खुद सम्पत्ति मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ । तत्पश्चात् सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम दैनिक खरीद बिक्रीलाई सहज तुल्याउन दैनिक रुपमा खुद सम्पीत्त मूल्य गणना गरी योजना व्यवस्थापकको वेवसाईट मार्फत सार्वजनिक रुपमा जानकारी गराईनेछ । साथै योजना व्यवस्थापकले योजनाको लगानीको विवरण मासिक/त्रैमासिक रुपमा आफ्नो वेब साईटमा राखी सार्वजनिक गर्ने तथा वार्षिक रुपमा योजनाको लेखापरिक्षण गराई सो सम्बन्धी विवरण सार्वजनिक गर्नेछ । खुद सम्पीत्त मूल्य तथा योजनाको कार्यसम्पादन सम्बन्धी विवरण सार्वजनिक गर्ने सम्बन्धमा प्रचलित कानून तथा नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम हुनेछ ।

१८. लगानी तथा लाभांशका सम्बन्धमा लागू हुने कर सम्बन्धी व्यवस्था :

नेपाल सरकारको नीति बमोजिम सामूहिक लगानी कोषका लागि आ.व.२०७०/०७१ देखी आर्थिक विधेयकले योजनाको लाभांश, ब्याज तथा पूँजीगत लाभकर आम्दानीमा स्रोतमा करकट्टी गर्नु नपर्ने ब्यवस्था गरेको छ । साथै योजनाले प्रतिफल वितरण गर्दा अग्रिम करकट्टी गरेर मात्र वितरण गर्ने ब्यवस्था गरेको ।

१९. योजनाको मुनाफा वितरणको लक्ष्य :

योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । लाभांश पुर्नलगानी योजनामा सहमति जनाएका इकाईधनीहरुको हकमा नगद लाभांश वितरण नगरी लाभांश रकम बराबरको थप इकाई वितरण गर्न सक्नेछ । यसरी वितरण गरिने थप इकाईको गणना गर्दा लाभांश पारित भएको दिन इकाई ब्क्रिी गर्दा लागु हुने खुद सम्पत्ति मुल्य विवरण (NAV) लाई आधार मानिनेछ । खुद मुनाफा मध्ये आवश्यकता अनुसार संचित मुनाफा (Retained Earning) पुनः लगानीका लागि उपयोग गरिनेछ ।

२०. प्रति इकाइ खुद सम्पत्ति मूल्यको गणना तथा वित्तीय अनुपात सम्बन्धी विवरण :

(रु. हजारमा)

विवरण	बर्ष १	बर्ष २	बर्ष ३	बर्ष ४	बर्ष ५
क. इकाई संख्या	२२,०००	२५,९६०	३२,७१०	४४,१५८	५९,६१३
ख. कुल संकलन रकम	२४०,०००	२९१,५१९	४०६,३०६	६०७,२२८	८९४,४९७
ग. लगानी योग्य कोष	२२०,०००	२७२,५५४	३७४,२५९	५४२,४३७	७९५,४२१
सूचिकृत धितोपत्र	१६५,०००	२०४,४१६	२८०,६९५	४०६,८२८	५९६,५६६
कारोवार प्रयोजन	५५,०००	६८,१३९	९३,५६५	१३५,६०९	१९८,८५५
दिर्घकालिन पूँजीगत लाभ प्रयोजन	६६,०००	८१,७६६	११२,२७८	१६२,७३१	२३८,६२६
लाभांश प्रयोजन	४४,०००	५४,५११	७४,८५२	१०८,४८७	१५९,०८४
निश्चित आम्दानी उपकरण	२०,०००	२५,६७९	३२,१९७	४४,८२६	६६,७२०
सञ्चालन बैंक खाता	३५,०००	४२,४५९	६१,३६८	९०,७८४	१३२,१३६
लगानी नगरिएको संकलित रकम	२०,०००	१८,९६५	३२,०४७	६४,७९१	९९,०७६
घ. योजनाको अनुमानित आय	२५,५००	३८,१६३	५२,२५३	७६,०२०	१११,५२५
सूचिकृत धितोपत्र	२३,१००	३५,४३२	४८,६५४	७०,५१७	१०३,४०५
नगद लाभांश ३%	१,६५०	४,०८८	५,६१४	८,१३७	११,९३१
बोनस लाभांश ५%	३,८५०	९,५३९	१३,०९९	१८,९८५	२७,८४०
पूँजीगत लाभ/मुल्यबृद्धि					
कारोवार प्रयोजन १०%	५,५००	६,८१४	९,३५६	१३,५६१	१९,८८६
दिर्घकालिन पूँजीगत लाभ प्रयोजन १५%	९,९००	१२,२६५	१६,८४२	२४,४१०	३५,७९४
लाभांश प्रयोजन ५%	२,२००	२,७२६	३,७४३	५,४२४	७,९५४
निश्चित आम्दानी उपकरण @४%	१,४००	१,७९८	२,२५४	३,१३८	४,६७०
सञ्चालन बैंक खाता ४%	१,०००	९३३	१,३४६	२,३६५	३,४५०
ङ. योजनाको अनुमानित व्यय	३,७६८	१,५५४	१,७८३	३,५२६	३,१३५
१. योजना दर्ता, निष्काशन तथा सूचिकरण खर्च	३,२२८	९०२	९९२	२,४९४	१,६९१
योजना दर्ता शुल्क	५००	-	-	-	५००
योजना प्रक्षेपण लेखापरिक्षण शुल्क	४०	-	-	-	-
निष्काशन खर्च	२,५८८	९०२	९९२	२,४९४	१,०९१
सूचिकरण शुल्क	१००	-	-	-	१००
२. वार्षिक नियमित खर्च	५४०	६५२	७९१	१,०३२	१,४४३
च. योजनाको अनुमानित खुद आय (ग-घ)	२१,७३२	३६,६०९	५०,४७०	७२,४९४	१०८,३९०
छ. ऋण तथा दायित्व	-	-	-	-	-
ज. योजनाको कुल खुद सम्पीत्त (Gross NAV) (ख+च)	२६१,७३२	३२८,१२८	४५६,७७७	६७९,७२२	१,००२,८८७
झ. योजना व्यवस्थापन तथा डिपोजिटरी शुल्क १.७५%	४,२१५	५,२५६	७,२७२	१०,६९४	१५,७३५
ञ. कोष सूपरिवेक्षक शुल्क ०.३%	७२३	९०१	१,२४७	१,८३३	२,६९७
त. खुद सम्पत्ति (NAV)	२५६,७९४	३२१,९७१	४४८,२५८	६६७,१९५	९८४,४५५
थ. खुद सम्पीत्त प्रति इकाई (NAV per Unit)(त/क)	११.६७	१२.४०	१३.७०	१५.११	१६.५१
द. लगानीको लागि लाभ विनियोजन	१६,७९४	३०,४५२	४१,९५२	५९,९६७	८९,९५८

द्रष्टब्यः योजना व्यवस्थापकले तयार गरेको माथिको प्रक्षेपण आर.के.एस. एण्ड एसोसिएटस् चार्टर्ड एकाउण्टेण्ट, ट्याङ्गलाफाँट-१, किर्तिपुरबाट प्रमाणित गर्नु भएको छ ।

२१. योजनामा अर्न्तनिहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

क) सामान्य जोखिम तत्वहरुः

(१) **सामूहिक लगानी कोषमा गरीने लगानी धितोपत्र बजारको जोखिम संग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पुरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा :** सामूहिक लगानी कोष अन्तर्गतका योजनाले धितोपत्र बजार लगायत अन्य बिभिन्न क्षेत्रमा लगानी गर्ने हुँदा धितोपत्र बजार तथा त्यस्ता लगानीमा निहित जोखिमले यसको प्रतिफलमा समेत उत्तिकै प्रभाव पार्ने हुन्छ ।
(२) **धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटवढ हुने सम्बन्धमा :** योजनाको खुद सम्पत्ति मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ । यसको लगानी मध्ये धितोपत्र बजारमा सुचीकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ ।
(३) **कोष प्रवर्द्धक, सुपरिवेक्षक वा योजना व्यवस्थापकहरुको बिगतको कार्यले नीजहरुको भविष्यको कामको लागि निर्देशन वा संकेत गर्दैन भन्ने सम्बन्धमा :** योजना व्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको संचालन तथा व्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाब किताब समेत छुट्टै रुपमा राख्ने र सो को नियमति रिपोर्टिङ्ग गर्ने गर्दछ । योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले योजनाको कार्यसम्पादनको स्तर (Performance Level) निर्धारण गर्ने भए तापनि कोष प्रवर्द्धक संस्था, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई संकेत वा निर्देशन गर्दैन ।
(४) **कोष प्रवर्द्धकले योजनामा कुनै हानी नोक्सानी भएमा सोको जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा :** योजनाको संचालन तथा व्यवस्थापन प्रचलित कानूनको परिधिभित्र रहि योजना व्यवस्थापकबाट गरिने हुन्छ । योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सो को जिम्मेवारी कोष प्रवर्द्धकले लिने छैन ।
(५) **यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा :** यस योजना अर्न्तगत इकाईहरु निष्काशन गरी संकलन गरिएको कोष रकम विभिन्न क्षेत्रमा लगानी गरिने हुन्छ । योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने तवरले कोषको व्यवस्थापन गर्ने गर्दछ । तथापि, योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सुनिश्चितता भने गर्दैन ।

(ख) खास जोखिम तत्वहरु :

(१) **प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बिमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा :** यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अंकित मूल्यमा प्रत्येक आर्थिक वर्षको अन्तमा लगानी गरेको आधारमा योजनाले कमाएको खुद मुनाफा अनुपातमा लाभांश पाउने छन् । यसरी लाभांश दिँदा योजनालाई आफ्नो लगानी वापत प्राप्त हुने पूँजीगत मुनाफा, ब्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन वा सम्पत्ति को मूल्य वृद्धि (Capital Gain) वा अन्य वित्तीय कारोवारबाट भएको आम्दानीबाट दिइनेछ । प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफाबाट लाभांश दिने निर्णय गर्नेछ । खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम संचित मुनाफा (Retained Earning) रहने छ । योजनाको कार्य प्रगतिका आधारमा आगामी वर्षहरुमा अझ बढी लाभांश प्रदान गर्न सकिने छ । कुनै वर्ष योजनाको आम्दानीले नखामेमा योजनाको संचित मुनाफाबाट लाभांश दिन सकिनेछ तथापि योजनाले हरेक वर्ष निश्चित मुनाफा दिने सुनिश्चितता भने रहँदैन ।
(२) **योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भैरहने ब्याज दर, व्यवसाय गरीने धितोपत्रको संख्या, राफसाफ गरीने पद्दती आदिले असर पार्ने सम्बन्धमा :** सामूहिक लगानी कोष सम्बन्धी कानूनी व्यवस्था तथा नितिहरुमा कुनै परिवर्तन भएमा योजना संचालन तथा सो को प्रतिफलमा समेत सोही अनुरुप असर पर्ने हुन्छ । साथै बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ । योजनाले धितोपत्र बजारमा सुचीकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरि योजनाको नाममा धितोपत्र खरीद बिक्री गर्ने हुँदा सो को राफसाफ प्रकृयाले योजनाको रकम प्राप्त गर्न लाग्ने समय निर्भर हुन्छ । ढिलो गरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने ब्याज आम्दानीमा तलमाथि हुन गई योजनाको आम्दानीमा समेत केहि प्रभाव पर्न जाने तथा धितोपत्रको खरीद बिक्री कार्य ढिला हुन जाँदा बजार जोखिम समेत आकर्षित हुन सक्ने हुन्छ । साथै वित्तीय क्षेत्रमा कायम ब्याजदर घटेको अवस्थामा धितोपत्र तथा वित्तिय सम्पत्तिको मूल्याङ्कनमा बृद्धि हुने र बढेको अवस्थामा कम हुन जान सक्ने हुँदा यसको असर समेत योजनाको खुद सम्पत्ति मूल्यमा पर्न जाने हुन्छ । साथै बजारको अवस्था हेरि योजनाको नाममा धितोपत्र आवश्यकता अनुसार बिक्री गर्ने र सो वापतको रकम उपलब्ध हुन गाह्रो परेको अवस्थामा इकाईहरु पुर्नखरीद गर्दाको भुक्तानीमा कठिनाई उत्पन्न हुन सक्ने अवस्था रहन्छ जसका लागि योजना ब्यवस्थापक कम्पनीबाट अग्रिम भुक्तानी लिने साथै बैंकहरुबाट कर्जा लिने ब्यवस्था गरिने छ ।
(३) **रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ति मूल्यको स्थीरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा :** यस योजनाको रेटिङ्ग गरिएको छैन ।
(४) **ब्याजदर परिवर्तनबाट हुने जोखिम सम्बन्धमा :** योजनाले लगानी गर्ने कुल रकम मध्ये केहि रकम बैंक निक्षेप तथा बण्ड डिवेन्चरहरुमा समेत लगानी गरिने हुँदा मुद्दती निक्षेप तथा अन्य कल निक्षेपमा दिईने ब्याजदरमा आउने परिवर्तनले योजनाको आयमा समेत सोही अनुरुप असर पार्ने हुन्छ । साथै सम्पत्ति को मूल्यांकन (Valuation) गर्दा प्रचलित ब्याजदरलाई आधार मानि गरिने हुँदा प्रचलित ब्याजदरमा हुने परिवर्तनले योजना अर्न्तगतको सम्पत्तिको मूल्यांकनमा समेत परिवर्तन हुन सक्ने हुँदा यस्तो प्रकारको जोखिम रहन्छ । इकाईहरु पुर्नखरीद गर्दाको भुक्तानीमा कठिनाई उत्पन्न हुन गई बैंकबाट कर्जा लिएको अवस्थामा कर्जाको ब्याज बढन गई योजनामा ब्ययभार बढन सक्छ ।
(५) **योजना शुरु गर्ने बेलामा भएको खर्च तथा बार्षिक खर्च आदीले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने सम्बन्धमा :** योजना निष्काशन गर्दा लाग्ने योजना दर्ता शुल्क, निष्काशन तथा बिक्री प्रबन्ध शुल्क तथा यसको वार्षिक खर्चहरु जस्तैः कोष व्यवस्थापन तथा डिपोजिटरी शुल्क, कोष सुपरिवेक्षक शुल्क, लेखा परिक्षण शुल्क, बार्षिक सुचीकरण तथा नविकरण शुल्क आदि खर्चहरु योजनाको कुल सम्पत्ति मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ति मूल्य गणना गरिने हुँदा योजनाको संचालन तथा वार्षिक खर्चले यसमा प्रभाव पार्ने हुन्छ ।
(६) **ईक्वीटि सम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुबैका जोखिम बोकिरहेका हुन्छन् भन्ने कुरा उल्लेख गर्ने :** इक्वीटीको मूल्यमा बजारको उतार चढाव सम्बन्धी जोखिमका साथै उक्त उपकरण जारी गर्ने कम्पनीको कार्य सम्पादनको जोखिम रहने हुन्छ । योजनाले यस्ता उपकरणहरुमा लगानी गर्दा यो जोखिमहरुले समेत प्रभाव पार्ने हुन्छ ।
(७) **ऋण जोखिम भित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्ने कुरा जस्तो की सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा :** कुनै पनि संस्थाले जारी गरेको ऋणको सावाँ तथा ब्याज भुक्तानी उक्त संस्थाको ईच्छा तथा क्षमतामा भर पर्ने हुन्छ । योजनाले लगानी गर्ने ऋणपत्रमा त्यस प्रकारको जोखिम रहने हुनसक्छ । तर योजनाले सरकारी ऋणपत्रमा लगानी गरेको छ भने उक्त लगानीको सवालमा योजनामा यस्तो प्रकारको जोखिम रहदैन ।
(८) **तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति बिक्री गर्न योग्य वा सहज छ त्यतीनै तरलता आउने बारे उल्लेख गर्ने :** योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तिमा परिणत गर्नका लागि उक्त धितोपत्रको तरलतामा निर्भर गर्ने हुँदा योजनामा तरलता सम्बन्धी जोखिम रहन सक्छ ।
(९) **ब्याजदरमा हुने जोखिम यसको गतिबिधिमा निर्भर गर्छ भन्ने कुरा जस्तो की सरकारले ऋण लिएमा, मुद्रा स्फीती भएमा आदी बारे :** ब्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ । सरकारी ऋण बृद्धि भएमा वा मुद्रा स्फीती भएमा सो को असर ब्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा ब्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ ।
(१०) **पुर्नलगानी जोखिम यथावत रहने कारणमा ब्याज दरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुनर्लगानीमा प्रयोग हुने हुँदा पुर्नलगानी जोखिम बारे खुलाउने :** ऋणपत्रमा तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त ब्याज आम्दानी पुन लगानी गरिने हुन्छ । यदि ब्याजदरमा परिवर्तन भएमा यसरी प्राप्त ब्याज रकम पुनर्लगानी गर्दा उत्तिकै प्रतिफल प्राप्त गर्न नसकिने जोखिम रहन सक्दछ ।
(११) **योजना शुरु गर्ने बेलामा भएको खर्च तथा वार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने कुरा :** योजनाका इकाईहरुको निष्काशन तथा बिक्री गर्दा लाग्ने खर्च समेत योजनाले व्यहोर्ने हुँदा सो खर्चले योजनाको खुद सम्पत्ति मूल्यमा असर पार्दछ ।
(१२) **योजना अन्तर्गत लगानी गरीने बिभिन्न प्रकारका धितोपत्रहरुले बिभिन्न प्रकारका जोखिम बहन गर्ने कुरा जस्तो की सरकारी ऋणपत्रभन्दा व्यापारिक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा :** योजनाले विभिन्न प्रकारको धितोपत्रमा लगानी गर्ने हुन्छ । यी धितोपत्रहरुमा शेयर, अग्राधिकार शेयर, डिवेन्चर, सरकारी ऋणपत्र आदि हुन्छन् । यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिवेन्चर कम जोखिमपुर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिम रहित धितोपत्र मानिन्छ । योजनाले यस्ता धितोपत्रमा गरेको लगानीमा लगानी अनुपात अनुरुपको जोखिम रहन सक्छ ।
(१३) **योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिप्स्, फ्युचर, अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्नेः** योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलब्ध भएमा नेपाल धितोपत्र बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ । त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ ।
(१४) **योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सो मा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तनबाट हुने जोखिम बारे उल्लेख गर्ने :** योजनाले यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको स्वीकृतिमा लगानी गरिनेछ । त्यस अवस्थामा विदेशी मुद्रा परिवर्तनबाट हुने जोखिमको असर योजनाको जोखिम तथा प्रतिफलमा पर्न सक्छ ।
(१५) **योजनाको अवधि भर सो को मूल्य वृद्धिको अवसर रहने तर सोको बोनश नपाउने बारे :** योजनाको कार्यसम्पादनको आधारमा योजना अर्न्तगतका इकाईहरुको मूल्य बृद्धि हुने सम्भावना रहन्छ । योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले लाभांश वितरण गर्न सक्ने अवस्था हुन्छ । तथापि योजनाले कुनै प्रकारको बोनश भने वितरण गर्ने छैन ।

(ग) जोखिम व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(१) योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि योजना व्यवस्थापक कम्पनी सदैव सचेत रहनेछ र सो का लागि बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी सो को व्यवस्थापनका लागि निम्न उपायहरु अवलम्बन गर्नेछ :
  (क) लगानी गरिने धितोपत्रको कारोवार सम्बन्धि विवरण र धितोपत्र निष्काशन कम्पनीको वित्तीय विवरणहरु तथ्यांक प्रणालीको विकास गरिएको छ । सोको निरन्तर अधावधिक गर्ने व्यवस्था समेत गरिएको छ ।
  (ख) धितोपत्रमा लगानी गर्नुपुर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा पर्याप्त विश्लेषण गरेर मात्र लगानी निर्णय गरिने छ र यसका लागि योजना व्यवस्थापकले अभ्यासमा ल्याएको प्राविधिक तथा वित्तिय विश्लेषण विधिको उपयोग गरिने छ ।
  (ग) लगानी विश्लेषणका लागि अनुसन्धान विभागको व्यवस्था गरिएको छ जसमा प्राविधिक विश्लेषक (Technical Analyst) र वित्तीय विश्लेषकहरुको व्यवस्था गरिएको छ ।
  (घ) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तीमा परिणत गर्ने तथा तरल सम्पत्तीलाई लगानीमा परिणत गर्ने व्यवस्था मिलाईने छ ।
  साथै बिक्रीको चाप अत्याधिक भएको र धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तिमा तुरुन्त परिणत गर्न नसकिएको वा धितोपत्र तुरुन्त बिक्री गर्न अनुपयुक्त देखिएको अवस्थामा तरलता जोखिम ब्यवस्थापन गर्न निम्न प्रक्रियाहरु अवलम्वन गर्ने योजना रहेको :
  - कुल योजनाको १० देखि १५ प्रतिशत सम्पत्ति नगद तथा नगद सरहको रुपमा राख्ने ।
  - कुल योजनाको १० प्रतिशत सम्पत्ति मुद्दती निक्षेप, बन्ड डिवेन्चर आदी स्थिर आय उपकरणमा लगानी गर्ने जसकारण आवश्यक परेको बेलामा सोही सम्पत्तिको आधारमा ऋण प्राप्त गर्न सकियोस ।
  - योजना ब्यवस्थापक कम्पनीले आवश्यकता अनुसार नेपाल इन्भेष्टमेन्ट बेंक लि.को पछिल्लो बेस रेट ब्याज लागु हुने गरि योजनालाई रु. पाँच करोड वा संचालक समितिको निणयअनुसार सम्म को रकम सापटी दिन सकिने ।
  - केहि बैंकहरुमा योजनासंग रहेको शेयरहरुको हाइपोथिकेसनको आधारमा आवश्यक पर्दा ऋण लिन सकिने गरि सम्भौता अवस्था हेरी गर्न सकिने ।
(ङ) लगानीमा हुने जोखिम न्युनीकरण गर्न तथा प्रतिफललाई उच्च राख्नका लागि प्रत्येक लगानीमा रहेको जोखिम तथा प्रतिफलको विशलेषण गरेर उपयुक्त जोखिम प्रतिफल अनुपातलाई मध्येनजर गरी कम जोखिम हुने तथा प्रतिफल उच्च हुनसक्ने देखिएका विभिन्न उपकरणहरुमा लगानी गर्ने र सामुहिक लगानी कोष नियमावली र निर्देशिकाको लगानी सिमालाई पुर्णरुपमा पालना गरी बढी से बढी लगानी उपकरणहरुमा लगानी गरी लगानी विविधिकरण गरिनेछ ।
(च) तरलता व्यवस्थापनमा उच्च सर्तकता अपनाईनेछ र इकाई बिक्री तथा पुर्नखरीद लाई सूक्ष्म विश्लेषण गरि आवश्यक तरलता ब्यवस्थापन गरिनेछ ।
(छ) लगानी तथा जोखिम ब्यवस्थापनका लागि म्युचुअल फण्ड सफ्टवेयरको समेत उपयोग गर्ने ब्यवस्था गरिएको छ र लगानीलाई निरन्तर अनुगमन गरि उच्च ब्यवस्थापन तह, स्वतन्त्र संचालकको संयोजकत्वमा जोखिम तथा लगानी ब्यवस्थापन समिति र समय समयमा संचालक समितिमा छलफल गरि लगानी सम्बन्धि निर्णय गर्ने र आवश्यकता अनुसार पुनरावलोकन गर्ने ब्यवस्था गरिएको छ ।
(ज) पूर्वाधार ब्यवस्था सम्बन्धमा वितरकको कार्य समेत ब्यवस्थित हुने गरि वेव बेस्ड सफ्टवेयर तयारीको अन्तिम चरणमा रहेको, कार्यालयमा उचित पूर्वाधार तयार रहेको, केहि शाखाहरु खोलिएको र अन्य खुल्ने क्रममा रहेको, थप आवश्यक मानवसंशाधन लिने प्रक्रियामा रहेको, आवश्यक तालिमको लागि कागजात/विवरणहरु तयार गर्ने क्रममा रहेको ।

यस बाहेक स्वीकृतिको क्रममा वा स्वीकृति दिंदाको बखतमा समेत नियमनकारी निकायबाट अन्य पूर्वाधार ब्यवस्था आवश्यक रहेको निर्देश भएमा सो समेत तयार गरिने ।

२२. इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(१) योजनाको सम्पूर्ण इकाई बिक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुल्ला राख्नुपर्ने न्यूनतम अवधि व्यतित भएपछि योजना व्यवस्थापक/निष्काशन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी प्रारम्भिक इकाई बिक्री बन्द गर्न सक्नेछ ।
(२) बिक्री खुल्ला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र प्राप्त भएको आवेदन बराबरको इकाई बाँडफाँट गर्न सकिनेछ ।
(३) स्वीकृत विवरण पुस्तिका अनुसार इकाई बिक्री खुल्ला अवधिसम्म पनि आह्वान गरेको न्यूनतम पचास प्रतिशत इकाई खरीद गर्नको लागि आवेदन प्राप्त नभएमा योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता गरिनेछ ।
(४) इकाई बाँडफाँट गर्दा यस विवरण पुस्तिकामा उल्लेखित अधिकतम सिमासम्मको मात्र इकाई बाँडफाँट गरिनेछ । तर यस विवरण पुस्तिका मार्फत निष्काशन गरिएको भन्दा बढी संख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई सङ्ख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँट गरिनेछ ।
(५) इकाईको बाँडफाँट सम्बन्धी अन्य व्यवस्था प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" बमोजिम हुनेछ ।
(६) योजनाका इकाईहरुको पुर्नखरीद तथा बिक्री बाँडफाँट भएको ३ (तीन) महिना पश्चात कोष प्रबर्द्धक नेपाल इन्भेष्टमेन्ट बैंक लि.को तोकिएको कार्यालयहरु, योजना ब्यबस्थापक एनआईबिएल एस क्यापिटल लि.को कार्यालयबाट तथा योजना ब्यबस्थापकले तोकेका अन्य वितरक (Agent) को कार्यालयबाट गर्ने ब्यबस्था गरिनेछ ।
(७) योजनाका इकाईहरुको पुर्नखरीद तथा बिक्री गर्दा निम्न बमोजिमको शुल्क लाग्नेछ :
बिक्री शुल्क : कुनै शुल्क नलाग्न
पुर्नखरीद शुल्क : लागु हुने खुद सम्पत्ति मुल्यको
बिक्री गरेको ६ महिना सम्ममा-१.५ प्रतिशत, बिक्री गरेको ६ देखि १२ महिना सम्ममा-१.२५ प्रतिशत, बिक्री गरेको १२ देखि १८ महिना सम्ममा-१.०० प्रतिशत बिक्री गरेको १८ देखि २४ महिना सम्ममा-०.७५ प्रतिशत, तत्पश्चात कुनै शुल्क नलाग्ने ।
यो शुल्क पुर्नखरीद मुल्यमा कट्टा गरि बाँकी रकम प्रदान गरिनेछ ।
(८) योजनाका इकाईहरुको बिक्री गर्दा निम्नानुसारको प्रक्रिया अपनाइनेछ : • आवेदकहरुबाट तोकिएको ढाँचामा बैंक खाता, हितग्राही खाता सहितको निवेदन लिने • लागु हुने प्रति इकाई खुद सम्पत्ति मुल्यको आधारमा लिन चाहेको इकाई संख्या र बिक्री शुल्क बराबरको चेक वा बैंक भौचर लिने • इकाई बिक्रीका लागि आवश्यक प्रकृया पुरा गरि सफ्टवयरमा प्रविष्टी गर्ने • शुल्क प्राप्त भएको एकिन भएपश्चात सो दिनको रित पुगेको आवेदन बराबरका इकाईहरु सिडिएस एण्ड क्लियरिंगलाई लेखि हितग्राही खातामा राखिदिने ब्यवस्था गर्ने ।
(९) योजनाका इकाईहरुको पुर्नखरीद गर्दा निम्नानुसारको प्रक्रिया अपनाइनेछ : • आवेदकहरुबाट तोकिएको ढाँचामा बैंक खाता, हितग्राही खाता सहितको निवेदन लिने • लागु हुने प्रति इकाई खुद सम्पत्ति मुल्य तथा अवधिको आधारमा पुर्नखरीद गनुपर्ने इकाई संख्या र पुर्नखरीद शुल्क स्पष्ट रुपमा उल्लेख गराउने • इकाई पुर्नखरीदका लागि आवश्यक प्रकृया पुरा गरि सफ्टवयरमा प्रविष्टी गर्ने • सबै कामकारवाही पुरा भएपश्चात सो दिनको रित पुगेको आवेदन बराबरका इकाईहरु सम्बन्धित निक्षेप सदस्यहरु वा सिडिएस एण्ड क्लियरिंग मार्फत हितग्राही खाताबाट घटाउने ब्यवस्था गर्ने तथा निवेदनमा उल्लेखित बैंक खातामा रकम स्थानान्तरण गर्ने ब्यवस्था गर्ने ।
(१०) योजनाका इकाईहरुको पुर्नखरीद तथा बिक्रीका लागि निवेदन हप्ताभर (आइतबार देखि शुक्रबार) तोकिएको समय अनुसार लिइनेछ र हरेक दिनको राफसाफ विद्यमान ब्यबस्था बमोजिम दिन T+3 सम्ममा गर्न सकिनेछ । यस लाई कार्य प्रणाली तथा दक्षतामा अभिवृद्धि गर्दै घटाउन प्रयत्न गरिनेछ ।
(११) योजनाका इकाईहरुको पुर्नखरीद तथा बिक्री बाँडफाँट भएको ३ (तीन) महिना पश्चात शुरु हुनेछ तथा सोको लागि वितरकको रुपमा पहिलो चरणमा कोष प्रबर्द्धक नेपाल इन्भेष्टमेन्ट बैंक लि.को तोकिएको कार्यालयहरु तथा योजना ब्यबस्थापक एनआईबिएल एस क्यापिटल लि.को कार्यालयहरुबाट मात्र कार्य प्रारम्भ गरिनेछ ।

दोस्रो चरणमा सामुहिक लगानी कोष निर्देशिका, २०६९ को ब्यवस्था अनुसार बैंक वित्तीय संस्था, मर्चेन्ट बैंकरहरु तथा नियमनकारी निकायबाट निर्देश भएका संस्थाहरु मध्येबाट वितरक तोक्ने सम्भौता गरि सम्बन्धित सबैलाई जानकारी गराएर मात्र वितरकको सेवा शुरु गरिनेछ ।

२३. आवेदन दिदाँ ध्यान दिनुपर्ने कुराहरु :

१. कुनै पनि नेपाली नागरिक, गैरआवसीय नेपालीको प्रमाणपत्र (परिचयपत्र) जारी भएका व्यक्ति, प्रचलित कानुन बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक तथा वित्तीय सस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चयकोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष आदिले स्वीकृत विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरीद गर्न आवेदन दिन सक्नेछन् ।
२. दरखास्तवालाले इकाई खरीदका लागि दरखास्त दिँदा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु स्पष्ट रुपमा खुलाई आस्वा सदस्यहरुले तोकेको ढाँचामा दरखास्त दिनु पर्नेछ ।
(क) आवेदन फाराममा आवेदकको नाम थर नेपाली/अंग्रेजीमा उल्लेख गर्नुपर्ने (ख) आवेदन दिंदा शेयर जारी गर्ने कम्पनीको नाम, आवेदन गरिएको संख्या, रकम स्पष्ट बुझिने गरि उल्लेख गर्नुपर्ने (ग) आफ्नो बैंक खाता र हितग्राही खाता DMat Account) सहि/स्पष्ट उल्लेख गरिनुपर्ने (घ) आवेदकले आफ्नो स्वयंको हितग्राही खाता (DMat Account) खाता उल्लेख गर्नुपर्ने (ङ) बैंक खाता रोक्का भएको यकिन गर्नुपर्ने (च) आवेदन गरेको निस्सा/प्रमाण, बैंक/वित्तीय संग अनिवार्य लिनुपर्ने (छ) रु.१० लाख रुपैंया वा सो भन्दा बढि आवेदन गर्ने आवेदकले आफुले आवेदन गर्दा दरखास्त फाराममा स्थायी लेखा नम्बर (PAN) दरखास्त फाराममा अनिबार्य उल्लेख गर्नुपर्ने ।
(३) धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरी सो कुराको जानकारी सम्बन्धित आस्वा सदस्य मार्फत आवेदक दिनेछ ।

२४. विवरणपत्र पाईने स्थानहरु :

क्र.सं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ र वेवसाइट : www.niblcapital.com
सि.नं.	**दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान**
१.	नेपाल धितोपत्र बोर्डबाट धितोपत्रको दरखास्त संकलनको लागि अनुमति प्राप्त बैंक तथा वित्तीय संस्थाहरु (आस्वा सदस्य) का आस्वा सेवा प्रदान गर्ने सम्पुर्ण कार्यालयहरु ।

२५. ईकाइ बिक्री खुला गरिने मिति तथा अवधि :

स्वीकृत विवरण पुस्तिकाद्वारा निष्काशन गरिएको इकाईहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट ३० दिन सम्म खुल्ला रहनेछ । इकाईको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्यदिनको लागि खुल्ला गरिनेछ । स्वीकृत विवरण पुस्तिका मार्फत निष्काशन गरिने इकाई बाँडफाँट भएको ३ (तीन) महिना पश्चात मात्र इकाईको पुर्नखरिद तथा बिक्री पुनः सुचारु गरिनेछ, जुन निरन्तर प्रकृया हुनेछ ।

२६. योजना व्यवस्थापकको रेटीङ्ग गरेको भए रेटीङ्ग गर्ने कम्पनी तथा रेटीङ्ग संकेत :

ईक्रा नेपाल लिमिटेडबाट योजना ब्यबस्थापकको लागि जुलाई ०९, २०१८ मा गरेको रेटिङ्ग अनुसार "[ICRANP] AMC Quality 3 (AMC3)" Adequate Assurance on Management Quality प्राप्त भएको छ ।

२७. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

योजना निष्काशनका वखत उत्पन्न हुनसक्ने गुनासोहरुलाई सम्बन्धित सङ्कलन केन्द्र तथा योजना व्यवस्थापकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाइनेछ । साथै योजना व्यवस्थापकले योजना सञ्चालनको क्रममा सहभागीहरुको बीचमा वा योजना र सहभागीहरुका बीचमा कुनै विवाद उठेमा त्यसको समाधानका लागि योजना व्यवस्थापकका अधिकृत श्री सुभाष पौडेललाई नियम पालना अधिकृतको रुपमा नियुक्त गरिएको छ । नियम पालना अधिकृतले प्राप्त गुनासो सुन्ने सोको समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासोहरुलाई कानुन सम्मत तरिकाले आफ्नै तहबाट समाधान गर्नेछन् । यसरी समाधान हुन नसक्ने तथा जटिल प्रकृतिका गुनासा प्राप्त भएमा सम्भव भएसम्म योजना व्यवस्थापकबाट र सम्भव नभएमा कोष सुपरिवेक्षक समक्ष राखी सोको समाधान गरिनेछ । लगानीकर्ताहरुले देहाय बमोजिमको माध्यममार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन्ः फोन नं.४००५०८० फ्याक्स नं.४००५०८४, E-mail:info@niblcapital.com

NIBL ACE CAPITAL
Managing shares. Managing investments.

wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको समेत कार्य गर्ने योजना व्यवस्थापकः

एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, mutualfund@niblcapital.com, Website: www.niblcapital.com
(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)